नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्याः २०८२।०८३

चलानी नं.: ५०८

मितिः २०८३।०३।०८

ने.सं. ११४६

विषयः आवश्यक जानकारी एवं कार्यार्थ पठाईएको।

श्री स्थानीय तह (सबै) ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयको प.सं. यो.ब.का. २०८२।०८३, मिति २०८३।३।२, च.नं. २५१ को स्थानीय तहको आ.व. २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धि पत्र आवश्यक जानकारी एवं कार्यार्थ पठाईएको बेहोरा आदेशानुसार अनुरोध छ ।

३/८

(दीपेश कट्टेल)

शाखा अधिकृत

**बोधार्थः**

श्री सूचना प्रविधि शाखाः मन्त्रालयको वेबसाइटमा अपलोड गरिदिनुहुन ।

श्री कृषि, वन तथा पर्यावरण मन्त्रालय, सिंहदरबार ।

नेपाल सरकार

# कृषि, वन तथा पर्यावरण मन्त्रालय

योजना तथा विकास सहायता समन्वय महाशाखा

☎ ४२११६६५
फ्याक्स ४२११९३५
सिंहदरबार
काठमाडौं, नेपाल

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

प.सं : यो.ब.का. २०८२/८३
च.नं. : २५२

①

प्रा-सी

६२३
३१५

मिति: २०८३/०३/०२

**विषयः स्थानीय तहको आ.व. २०८३/८४ को वार्षिक बजेट तथा कार्यक्रम (कृषि क्षेत्रतर्फ) तर्जुमा सम्बन्धमा।**

**श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,**
**सङ्घीय मामिला महाशाखा,**
**स्थानीय तह समन्वय शाखा,**
**सिंहदरबार, काठमाण्डौ।**

नेपालको संविधानमा भएको संवैधानिक व्यवस्था अनुसार कृषि क्षेत्रको समग्र विकास एवं राष्ट्रिय लक्ष्यहरु प्राप्तिमा संघ, प्रदेश र स्थानीय तहहरुबीच समन्वय र सहकार्य अपरिहार्य रहेको सन्दर्भमा संघ, प्रदेश र स्थानीय तहहरुबाट तर्जुमा तथा कार्यान्वयन गरिने वार्षिक कार्यक्रममा सामञ्जस्यता हुन आवश्यक हुन्छ। यस मन्त्रालयले विभिन्न प्रक्रिया र माध्यम मार्फत प्रदेश र स्थानीय तहसँग समन्वय र सहकार्य गर्दै आइरहेको छ र राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रमको कार्यान्वयन एवं वार्षिक रुपमा स्थानीय तहबाट हुने कार्यक्रम कार्यान्वयनका लागि सशर्त अनुदानतर्फ वित्तिय हस्तान्तरण हुँदै आएको छ। सो सन्दर्भमा मिति २०८२/१०/१३ गते यस मन्त्रालयका माननीय मन्त्रीज्यूको अध्यक्षतामा बसेको विषयगत समितिको एघारौं बैठकबाट निर्धारण भएका कृषि क्षेत्रका राष्ट्रिय प्राथमिकताहरु, सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०८३ वैशाख २८ गते सम्मानित सदनमा सम्बोधन भएको आगामी आर्थिक वर्ष ०८३/८४ को नीति तथा कार्यक्रम र माननीय अर्थमन्त्रीज्यूबाट मिति २०८३ जेठ १५ मा प्रस्तुत भएको संघीय बजेट समेतका आधारमा आगामी आ.व. २०८३/०८४ का लागि तपसिलमा उल्लेखित प्रमुख प्राथमिकता एवं विषयक्षेत्रसँग सम्बन्धित कार्यक्रमहरु स्थानीय तहको आवश्यकता तथा उपयुक्तताको आधारमा स्थानीय तहको आगामी आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम र वार्षिक बजेट तथा कार्यक्रममा समावेश हुनका लागि तँहा मन्त्रालय मार्फत ७५३ वटै स्थानीय तहहरुमा परिपत्र हुनका लागि यस मन्त्रालय (सचिवस्तर) को मिति २०८३/०३/०१ को निर्णयानुसार अनुरोध छ।

<u>तपशिलः</u>

**आगामी आ.व. २०८३/८४ मा स्थानीय तहको नीति तथा कार्यक्रम र बजेटमा देहायका प्राथमिकता तथा कार्यक्षेत्रमा आवश्यक बजेट प्रस्ताव/व्यवस्थापन हुनः**

१. विषयगत समितिको एघारौं बैठकबाट निर्धारण गरिएका कृषि तथा पशुपन्छी क्षेत्रका राष्ट्रिय प्राथमिकताहरुः

(क) कृषि उत्पादन साधन एवम् सामग्रीको सहज उपलब्धता।
(ख) खाद्य तथा पोषण सुरक्षा र खाद्य स्वच्छता प्रवर्द्धन।
(ग) कृषिजन्य औद्योगिक कच्चा पदार्थको उत्पादन आपूर्ति।
(घ) कृषि, पशुपन्छी तथा मत्स्य श्रोत केन्द्रहरुको संरक्षण एवम् विकास।
(ङ) कृषि तथा पशुपन्छी बजार पूर्वाधार निर्माण तथा एकीकृत कृषि बजार संजाल विकास।
(च) निर्यातजन्य कृषि बाली/वस्तुको उत्पादन तथा निर्यात प्रवर्द्धन।
(छ) कृषि तथा पशुपन्छी जैविक विविधता संरक्षण र रैथाने बाली संरक्षण एवम् प्रवर्द्धन।
(ज) जलवायु उत्थानशील कृषि प्रणालीको प्रवर्द्धन।
(झ) प्राङ्गारिक कृषि तथा माटोको उर्वराशक्ति सुधार।
(ञ) कृषि अनुसन्धान तथा नविनतम प्रविधिहरुको विकास एवम् प्रचार प्रसार।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
योजना तथा विकास समन्वय महाशाखा

☎ ४२११६६५
फ्याक्स ४२११९३५
सिंहदरबार
काठमाडौं, नेपाल

②

प.सं : यो.ब.का. २०८२/८३
च.नं. : २५२

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

(ट) नगरपालिका/गाउँपालिका/महानगर/उपमहानगर बीच कृषि उत्पादन तथा बजारीकरणमा साझेदारी।

(ठ) विषादीको नियन्त्रण, व्यवस्थापन एवम् सुरक्षित कृषिजन्य उत्पादन प्रवर्द्धन।

(ड) कृषिको आधुनिकीकरण, व्यावसायीकरण, उद्यमशिलता विकास र कृषि क्षेत्रमा Digitalization को प्रवर्द्धन।

(ढ) कृषिजन्य भूमिको सुरक्षा, संरक्षण, सदुपयोग र बाली/वस्तुमा हुने क्षति न्यूनीकरण।

(ण) संस्थागत सुधार, क्षमता विकास, सुशासन एवम् सेवा प्रवाह सुदृढीकरण।

२. नेपाल सरकारको एक सय कार्यसूचिमा समावेश भएको माटो परिक्षण तथा माटो स्वस्थता कार्ड वितरण (Soil Health Card) कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सङ्घीय सशर्त अनुदानतर्फ २५० वटा स्थानीय तहमा माटो स्वास्थ्य सुधार कार्यक्रम (माटो परिक्षण कार्यलाई प्राथमिकता दिनेगरी) बजेट विनियोजन भएकाले सो कार्यान्वयनका लागि आवश्यक थप बजेट तथा व्यवस्थापकीय कार्यहरुमा बजेट प्रस्ताव हुन।

३. **व्यवसायिक फलफूल कार्यक्रम/ राष्ट्रिय फल सुन्तला प्रबर्द्धन कार्यक्रमः** विभिन्न फलफूलको व्यवसायिक खेती, क्षेत्र विस्तार र नेपालको राष्ट्रिय फल सुन्तला प्रवर्द्धनका लागि सम्भाव्य स्थानीय तहहरुमा व्यवसायिक फलफूल खेती र सुन्तलाको क्षेत्र विस्तार, उत्पादन वृद्धि तथा बजारीकरण सहयोग सम्बन्धी प्रबर्द्धनात्मक कार्यक्रमहरुमा बजेट प्रस्ताव हुन।

४. **किसान सूचीकरण कार्यक्रमः** किसान सूचीकरण कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी कृषि क्षेत्रका अनुदान तथा सहुलियतलाई थप पारदर्शी बनाउन अधिक संख्यामा कृषकहरु भएका स्थानीय तहहरुमा संघीय सशर्त अनुदानमा पठाइएको बजेट अपुग हुने देखिएकाले स्थानीय तहको आन्तरिक स्रोतबाट आवश्यक बजेट प्रस्ताव हुन।

५. **कृषि, पशुपन्छी तथा मत्स्यको तथ्यांक अध्यावधिक कार्यक्रमः** स्थानीय तहमा कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क संकलन, अद्यावधिक एवं प्रमाणीकरण कार्यलाई थप व्यवस्थित बनाउन सकिने गरी बजेट प्रस्ताव हुन।

६. **कृषिमा लगानी अभिवृद्धि सम्बन्धी कार्यक्रमहरुः** कृषि क्षेत्रमा उपलब्ध अवसरको उपयोग गर्न र चुनौतिहरुको सामना गर्न सरकारी, निजि तथा सहकारी क्षेत्रको लगानी आकर्षित गर्न तथा कृषि उत्पादनलाई बजार र उद्योगसँग जोड्न सकिने आवश्यक कार्यक्रमहरुमा बजेट प्रस्ताव हुन।

७. **बाली विशेषका उत्पादन क्षेत्रहरु घोषणा गर्ने सम्बन्धी कार्यक्रमः** स्थानीय तहहरुले व्यवसायिक सम्भाव्यताको आधारमा बाली/वस्तु विशेषका उत्पादनका क्षेत्रहरु पहिचान तथा घोषणा गरी यस्ता उत्पादन क्षेत्रहरुमा स्थानीय संभाव्यताका आधारमा बाली/ वस्तु विषेशको उत्पादन वृद्धि कार्यक्रमः तरकारी, फलफूल, रैथाने बाली, खाद्यान्न बाली, चैते धान, गाई/भैंसी/ भेडा/बाखा लगायत बाली वस्तु लक्षित उत्पादन प्रवर्द्धन कार्यक्रमहरुमा बजेट प्रस्ताव हुन।

८. **कृषक समुह तथा सहकारी परिचालनका कार्यक्रमहरुः** कृषि क्षेत्रको व्यवसायीकरण, आधुनिकीकरण, बजारीकरण र कृषकहरुलाई कृषि उपजको उचित मुल्य प्रदान गर्न तथा स्थानीय स्तरमा सामूहिक र संस्थागत विकासका लागि कृषक समुह तथा सहकारीको गठन, पुनः गठन, परिचालन र क्षमता अभिबृद्धिका कार्यक्रमहरुमा बजेट प्रस्ताव हुन।

९. **स्थानीय कृषि तथा पशुपन्छी श्रोत केन्द्रहरुको विकास तथा प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरुः** स्थानीय कृषि विकास तथा प्रवर्द्धनका लागि फलफूल तथा तरकारीको नर्सरी, गाई/भैंसी/भेडा/बाखा/याक/चौंरी र माछा लगायतका पशुवस्तुको श्रोत केन्द्र, विभिन्न बालीहरुको बीउ उत्पादन लगायतका कार्यक्रमहरुमा बजेट प्रस्ताव हुन।

१०. **गुणस्तरीय कृषि उत्पादन सामग्रीको उत्पादन, सुरक्षित आयात तथा आन्तरिक क्वारेन्टाइन सम्बन्धी कार्यक्रमहरुः** स्थानीय रुपमा नै उत्पादन गर्न सकिने आधारभुत कृषि उत्पादन सामग्रीहरुको गुणस्तर अभिवृद्धि, बाहिरबाट उत्पादन सामग्री आयात गर्दा बीउ, विजन, नश्लको स्वस्थता र गुणस्तर तथा रोग/किरा र महामारी नियन्त्रणका लागि आन्तरिक क्वारेन्टाइन प्रवर्द्धन सम्बन्धी कार्यक्रममा बजेट प्रस्ताव हुन।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
योजना तथा विकास सहायता समन्वय महाशाखा

☎ ४२११६६५
फ्याक्स ४२११९३५
सिंहदरबार
काठमाडौं, नेपाल

(२)

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

प.सं.: आ.ब.का. २०८२/८३
च.नं.: २५२

११. **साना सिंचाई पूर्वाधार विकासका कार्यक्रमहरुः** सिंचित क्षेत्र विस्तार गरी कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि साना सिंचाई कार्यक्रमहरुमा बजेट प्रस्ताव हुन।

१२. **कृषियोग्य बाँझो जमिन सदुपयोग सम्बन्धी कार्यक्रमहरुः** बाँझो एवं उपयोग विहीन रहेको खेतीयोग्य जमिनमा पशुपालन, उच्च मूल्यका विभिन्न फलफूल, गैरकाष्ठ वन पैदावार, घाँस तथा नगदेबाली खेती, कृषि-वन प्रणाली विस्तार र चक्लाबन्दीमा आधारित कार्यक्रमहरुमा बजेट प्रस्ताव हुन।

१३. **प्राङ्गारिक कृषि प्रबर्द्धन कार्यक्रमः** तरकारी तथा अन्य खाद्यान्न बालीहरुमा बिषादीको प्रयोग न्यूनिकरण गर्न एकिकृत शत्रुजीव ब्यवस्थापन कार्यक्रम, विषादी प्रयोगमा सचेतना कार्यक्रम, माटो स्वस्थता तथा स्वच्छता कार्यक्रम, दीगो पर्यावरणीय कृषि कार्यक्रम, कृषि-वन कार्यक्रम, हरियो मल, गडचौला मल, प्राङ्गारिक मलको प्रवर्द्धन तथा प्राङ्गारिक खेतीलाई प्रवर्द्धन कार्यक्रमहरुमा बजेट प्रस्ताव हुन।

१४. **असल पशुपालन अभ्यास प्रवर्द्धन कार्यक्रमः** कृत्रिम गर्भाधान सेवा विस्तार कार्यक्रम, पशु तथ्याङ्क रिपोर्टिङ कार्यक्रम, फार्म अभिलेखिकरण तथा फार्म जैविक सुरक्षा जस्ता असल पशुपालनका अभ्यासहरु अनुसरण हुने कार्यक्रममा बजेट प्रस्ताव हुन।

१५. **कृषि तथा पशुपन्छी जैविक विविधता तथा रैथाने बाली संरक्षण र प्रबर्द्धन कार्यक्रमः** रैथाने बाली तथा बीउको संरक्षण तथा प्रवर्द्धन, कृषि तथा खाद्य जैविक विविधताको संरक्षण तथा प्रवर्द्धन, बालीनाली, पशुपन्छी तथा मत्स्य जैविक विविधता संरक्षण, सम्वर्द्धन तथा उपयोग सम्बन्धी कार्यक्रममा बजेट प्रस्ताव हुन।

१६. **जलवायु परिवर्तन उत्थानशिल कृषि विकास कार्यक्रमः** जलवायु परिवर्तनबाट सृजित समस्याहरु र यसको अवसरलाई प्रयोग गर्न कृषि तथा पशुपालन क्षेत्रमा जलवायु परिवर्तन उत्थानशील प्रविधि प्रबर्द्धन कार्यक्रममा बजेट प्रस्ताव हुन।

१७. **स्थानीय कृषिलाई उद्योगसँग जोड्ने कार्यक्रमहरुः** कृषिमा आधारित उद्योगहरुका लागि आवश्यक कच्चा पदार्थ उत्पादन गर्न स्थानीय तहहरुको सम्भाव्यताका आधारमा कृषि उद्योग र स्थानीय तहबीच उपयुक्त बाली वस्तु पहिचान गरी उत्पादन तथा खरिद तथा आपूर्ति सम्झौता गर्न मिल्ने कार्यक्रममा बजेट प्रस्ताव हुन।

१८. **पशुपन्छी स्वास्थ्य एवं खोप सम्बन्धी कार्यक्रमः** पशुपन्छीमा लाग्न सक्ने महामारीजन्य रोगहरुको रोकथामका लागि अभियानमुखी कार्यक्रम, खोप सेवाको विस्तारका लागि लजिष्टिक र पारिश्रमिक व्यवस्थापन र राष्ट्रिय पशु स्वास्थ्य सुचना प्रणालीको प्रभावकारी कार्यान्वयन सम्बन्धी कार्यक्रममा बजेट प्रस्ताव हुन।

१९. **विपदबाट हुने क्षति रोकथाम तथा राहत सम्बन्धी कार्यक्रमः** कृषि क्षेत्रमा विपदबाट हुन सक्ने क्षतिको न्यूनीकरणका लागि पूर्वसूचना प्रवाह तथा सचेतना लगायतका कार्यक्रम र विपदबाट हुने क्षतिमा राहत सम्बन्धी कार्यक्रममा बजेट प्रस्ताव हुन।

२०. **जनशक्ति ब्यवस्थापन कार्यक्रमः** कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रका लागि प्रबिधि प्रसार गर्न आवश्यक प्रसार कार्यकर्ताहरु/जनशक्तिको उचित र दिगो ब्यवस्थापनको कार्यक्रममा बजेट प्रस्ताव हुन।

२१. **कृषि हानिकारक वन्यजन्तुहरुको नियन्त्रण तथा रोकथाम कार्यक्रमहरुः** कृषि क्षेत्रलाई हानी नोक्सानी पुर्याउने वन्यजन्तुहरुको व्यवस्थापनका लागि स्थानीय स्तरमा गर्न सकिने नियन्त्रण तथा रोकथामका कार्यक्रममा बजेट प्रस्ताव हुन।

२२. **स्थानीय कृषि तथा पशुपन्छी बजारहरुको सुदृढीकरण कार्यक्रमः** राष्ट्रिय कृषि बजार सञ्जाल तथा आपूर्ति श्रृङ्खला विकास गर्न स्थानीय तहहरुमा रणनितिक हिसाबले महत्वपूर्ण ठाँउहरूमा निजी क्षेत्रको समेत सहभागितामा स्थानीय कृषि बजार संरचना निर्माण तथा सुदृढीकरणका कार्यक्रममा बजेट प्रस्ताव हुन।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
योजना तथा विकास सहायता समन्वय महाशाखा

☎ ४२११६६५
फ्याक्स ४२११९३५
सिंहदरबार
काठमाडौं, नेपाल

(४)

प.सं : यो.ब.का. २०८२/८३
च.नं. : २५२

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

२३. पशुपन्छी तथा मत्स्यजन्य रोग नियन्त्रणका कार्यक्रमहरुः राष्ट्रिय पशुपन्छी रोग नियन्त्रण कार्यक्रम (FMD, PPR, Ranikhet, CSF र HS/BQ) अन्तरगत खोप सेवा कार्यक्रम, रेविज तथा जुनोटिक रोग नियन्त्रण कार्यक्रम, आकस्मिक रोग नियन्त्रण कार्यक्रम, आधारभूत पशुपन्छी रोग अन्वेषण प्रयोगशाला बिस्तार, भ्याक्सिन कोल्ड चेन व्यवस्थापनको लागि प्रयोगशाला ग्रेडको रेफ्रिजेरेटर Ice Lined Refrigerator (ILR), पशुपन्छीको उपचार सेवा, पशुपन्छीको रोग निदानको लागि नमूना संकलन तथा प्रेषण कार्यक्रम, स्वदेशमा उत्पादित भ्याक्सिनको प्रयोग, इपिडेमियोलोजिकल रिपोर्टिङ कार्यक्रम जस्ता कार्यक्रममा बजेट प्रस्ताव हुन।

२४. विगतमा निर्माण भएका कृषि पूर्वाधारको उपयोग कार्यक्रमः विभिन्न समयमा निर्माण सम्पन्न भै संचालनमा नआएका तथा न्यून प्रयोग भएका कृषि बजार पूर्वाधार, शितभण्डार घर, दुध चिस्यान केन्द्र, बीउ भण्डार गोदाम घरहरुको समुचित उपयोगका लागि आवश्यक कार्यक्रममा बजेट प्रस्ताव हुन।

.............................
डा. हरिबहादुर के.सी.
सहसचिव